आज मिति २०७४।३।२२ गतेका दिन राप्ती सोनारी गाउँपालिका को कार्यालयमा राप्ती सोनारी गाउँ कार्यपालिका पहिलो बैठक राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष लाहुराम थारु को अध्यक्षता मा निम्न उपस्थिति मा बसि निम्न बमोजिमको निर्णय गरियो।

उपस्थिति

| | | | |
|---|---|---|---|
| श्री लाहुराम थारु | | | अध्यक्ष |
| श्री धनी कुमारी खत्री | | | उपाध्यक्ष |
| श्री चन्द्र बहादुर वली | वडा अध्यक्ष | वडा नं १ | सदस्य |
| श्री मदन कुमारी वली | " | " २ | " |
| श्री गंगाराम थारु | " | " ३ | " |
| श्री कान्छा थारु | " | " ४ | " |
| श्री मगाडु थारु | " | " ५ | " |
| श्री जनक बहादुर थारु | " | " ६ | " |
| श्री रामलखन थारु | " | " ७ | " |
| श्री खुम बहादुर वलेल | " | " ८ | " |
| श्री महावीर वली | " | " ९ | " |
| श्री भरत कुमार नेपाल | कार्यकारी अधिकृत | | सदस्य सचिव |

## निर्णय

नं. १. स्थानीय तहको निर्वाचन यस गाउँपालिकामा शान्तिपूर्ण तरिका बाट सम्पन्न भएकोले सो कार्यमा संलग्न सम्पूर्ण मतदाता, समाजसेवी, बुद्धिजीवी, पत्रकार, कर्मचारी, सुरक्षा निकाय लगायत सम्पूर्ण लाई हार्दिक धन्यवाद दिने निर्णय गरियो।

नं. २. यस गाउँपालिकाका सबै जनताहरुलाई स्वच्छ सफा खानेपानी उपलब्ध गराउने तर्फ आगामी दिनहरुमा विशेष पहल गर्ने निर्णय गरियो।

नं ३. वृद्ध, अपाङ्ग, व्यक्तिहरुलाई उपलब्ध गराउने सामाजिक सुरक्षा भत्ता बुझन सम्बन्धित वडा कार्यालयमा आउन स्याँदै गाह्रो भएकोले त्यस्ता वृद्ध, अपाङ्ग, र अशक्त व्यक्तिहरुलाई सम्बन्धित व्यक्तिको घरमा नै उपलब्ध गराउने निर्णय गरियो।

नं ४. बढ्दो जनसंख्या, वन विनाश, वायु प्रदुषण र बढ्दो तापमानले वातावरण परिवर्तन भई मानव जातीको अस्तित्वमा नै खतरा हुन सक्ने भएकोले वातावरण संरक्षण तर्फ विशेष ध्यान दिने निर्णय गरियो।

नं. ६- गाउपालिकाको मासिक बोर्ड बैठक प्रत्येक महिनाको २२गते बस्ने र आवश्यकता अनुसार जुनसुकै बेला पनी बस्न सक्ने निर्णय गरियो ।